# प्यूठान नगरपालिकाको विनियोजन ऐन -२०७४

## प्यूठान नगरपालिकाको आर्थिक बर्ष २०७४/२०७५ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७४

सभाबाट स्वीकृत मितिः २०७४।०५।०२

**प्रस्तावनाः** प्यूठाननगरपालिकाको आर्थिक बर्ष २०७४।०७५ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम प्यूठाननगर सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भः (१)**यस ऐनको नाम " प्यूठाननगरपालिकाको विनियोजन ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०७४।०७५ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**: (१)आर्थिक वर्ष २०७४।०७५ को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.५७,४४,३०,७३६।९७ (अक्षेरुपी सन्ताउन्न करोड चौवालिसलाख तिसहजार सातसय छत्तिस पैसा सन्तानब्बे मात्र) मध्ये गैर सरकारी संस्थाबाट रु. २,५३,४०,०३४।०० र विषयगत कार्यालयबाट प्राप्त भएपछि रु. ७,६३,२२,०००।०० खर्च हुने भएकोले रु. ४७,२७,६८,७०२।९७ (सडचालिस करोड सत्ताईसलाख अठसट्ठिहजार सातसय दुई पैसा सन्तानब्बे)मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. **विनियोजनः (१)** यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७४।०७५ को निमित्त प्यूठान नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ।

अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | बाहिय श्रोतबाट | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | नगरकार्यपालिका | २४४२८९.४९४ | २२३४७९.२०९ | २५३४०.०३४ | ४९३१०८.७३७ |
| २ | | वडा समिति | ५०००.००० | ० | ० | ५०००.००० |
| ३ | | बिषयगत शाखा | ० | ० | ७६३२२.००० | ७६३२२.००० |
| ४ | | ऋणको सावा व्याज भुक्तानी | ० | ० | ० | ० |
| ५ | | लगानी (शेयर/ऋण) | ० | ० | ० | ० |
| | | जम्मा | २४९२८९.४९४ | २२३४७९.२०९ | १०१६६२.०३४ | ५७४४३०.७३७ |

प्यूठान नगरपालिका नगरकार्यपालिकाको कार्यालय विजुवार प्यूठान

# आ.ब.२०७३।७४ को खर्च विवरण

## अनुमोदन

| सि.नं. | कार्यक्रम | व.उ.शि.नं. | रकम |
|---|---|---|---|
| १ | नगरपालिका अनुदान चालु | ३६५८०३३ | ४३,२३,३२२।१२ |
| २ | नगरपालिका अनुदान पुंजि | ३६५८०३३ | ४,८४,२९,८६३।०० |
| ३ | आन्तरिक चालु | | १,५२,०४,४८६।४९ |
| ४ | आन्तरिक पुंजि (राजश्ववांडफांड) | | १९,२८,७३१।०० |
| ५ | सडकवोर्ड कार्यक्रम | | ४८,०३,८५७।०० |
| ६ | सामाजिक सुरक्षा भत्ता | ३६५०१५३ | ५,९३,८५,०००।०० |
| ७ | संघिय संरचनापुर्वाधार विकास कार्यक्रम | ६०२११० | ४०,९५,९१६।६० |
| ८ | नगरक्षेत्र पूर्वाधार विकास कार्यक्रम | ३६५८१७३ | १,२४,८६,८०५।०० |
| ९ | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम | ३६५८१९३ | १९९०८००।०० |
| | जम्मा | | ९३२६३७८१।२१ |